का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १८, अंक ६०
२९ चैत्र २०७६, शनिबार
11 April 2020, Saturday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

| अपडेट: बिहीबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|---|
| | नेपालमा | ९ जना | १ जना | ३५०० | १२० |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १६ लाख ५० हजार | तीन लाख ६५ हजार | ९८ हजार | १२ लाख |

# फ्रन्टलाइनमा स्थानीय सरकार

**कोरोना महामारी रोकथाम तथा नियन्त्रण गर्न गएको चैत ११ गतेदेखि देशव्यापी लकडाउन घोषणा गरिएको छ । वैशाख ३ गतेसम्म जारी गरिएको लकडाउनका क्रममा स्थानीय सरकारका जनप्रतिनिधिको भूमिका प्रभावकारी देखिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ चैत

कोरोना रोकथाम तथा नियन्त्रण, रोकथाम तथा उपचारका लागि संघीय सरकारले गएको चैत ११ गतेदेखि देशव्यापी लकडाउन घोषणा गरेको छ । तीन पटक गरी वैशाख ३ गतेसम्म लकडाउन थप गरिएको छ । यो अवधिमा अत्यावश्यक बाहेकका काममा घरबाहिर ननिस्कन सरकारले आग्रह गरेको छ । अत्यावश्यक बाहेकका मानिस घर बाहिर ननिस्किएकाले राजधानी उपत्यका लगायत सरकार सुनशान बनेको छ ।

बाह्य उडान तथा स्थगलत आवागमन रोक्ने निर्णयलाई थप कडाई गर्दै सरकारले एक स्थानीय तहबाट अर्कोमा जान समेत रोक लगाएको छ । यो कार्यका लागि स्थानीय सरकार सबैभन्दा प्रभावकारी देखिएको छ । विदेशमा आउने मानिसको पहिचान, रेखदेख, क्वारेन्टिन निर्माण देखि लकडाउन पालना गराउन स्थानीय सरकारका वडा सदस्य सबैभन्दा बढी सक्रिय बनेका छन् । तिनै वडा सदस्यको भूमिकाले गर्दा नेपालले सोचे भन्दा राम्रो नियन्त्रण अहिलेसम्म देखिएको छ ।

संघीय सरकारको आह्वानमा प्रदेश सरकारले समन्वयको काम गरिरहेको छ । शुक्रबार मात्रै पनि प्रदेश नम्बर पाँचका मुख्यमन्त्री शङ्कर पोखरेलले गाउँपालिका राष्ट्रिय महासङ्घका पदाधिकार ीसमेत रहेका स्थानीय तहका प्रमुखसँग एकीकृत भिडियो संवाद गरे । भिडियो संवादमा गाउँपालिका राष्ट्रिय महासङ्घका केन्द्रीय सदस्य एवं बाँकेको खजुरा गाउँपालिका अध्यक्ष किस्मतकुमार कक्षपति, अर्घाखाँचीको छत्रदेव गाउँपालिका अध्यक्ष लेखनाथ पोखरेल, गुल्मीको छत्रकोट गाउँपालिका अध्यक्ष मधुकृष्ण पन्त, प्युठानको गौमुखी गाउँपालिका अध्यक्ष विष्णुकुमार गिरी, रुपन्देहीको ओमसतिया गाउँपालिका अध्यक्ष हीरा केवट र नवलपरासीको प्रतापपुर गाउँपालिका अध्यक्ष राजकुमार शर्मा सहभागी थिए ।

मुख्यमन्त्री पोखरेलले पालिका प्रमुखबाट अहिलेसम्म गरेका कामबारे जानकारी लिए । पालिका प्रमुखहरुले भारतलगायत विदेशबाट आएका नागरिकको तथ्याङ्क सङ्कलन, क्वारेन्टाइन निर्माण र क्वारेन्टाइनमा बसेका नागरिकको अवस्थाबारे जानकारी गराउनुभएको थियो । दैनिक ज्यालादारी गरी खाने नागरिकको तथ्याङ्क सङ्कलन गरी राहत वितरण गर्न थालेको जानकारी गराउँदै आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्थापन मिलाउन उहाँहरुले मुख्यमन्त्री पोखरेलको ध्यानाकर्षण गराएको मुख्यमन्त्रीका प्रेस सल्लाहकार शेरबहादुर केसीले बताए ।

स्थानीय स्तरमा राहत कोष बनाई व्यवस्थित गर्न र दैनिक ज्यालादारी गरेर खाने विपन्न नागरिकलाई राहत प्रदान गर्न मुख्यमन्त्रीले आग्रह गरे । दैनिक ज्यालादारी गरेर खाने मजदुर र विपन्न समुदायलाई खाद्यान्नलगायत सामग्रीको व्यवस्थापन गर्ने काम राज्यको दायित्व भएको र त्यसको पहिलो व्यवस्थापन स्थानीय तहले गर्नुपर्ने बताउँदै उनले पालिकाले व्यवस्थापन गर्न अप्ठ्यारो भएमा आवश्यक सहयोग प्रदेशले गर्ने बताए । मुख्यमन्त्री बाँकी पृष्ठ २ मा



'लकडाउन'को मारमा परेका दैनिक ज्यालादारी काम गर्ने सर्वसाधारणलाई तरकारीसँगै चामल वितरण गर्नुहुँदै दिप्रूङ चुइचुम्मा गाउँपालिकाका प्रमुख भुपेन्द्र राई । गाउँपालिकाले किसानको तरकारी खरिद गरेर राहतस्वरूप वितरण गरेको छ । तस्वीरः केदार मगर/खोटाङ

| क्वारेन्टिन वेड संख्या | क्वारेन्टिन बस्ने | आइसोलेसन वेड | आइसोलेसनमा बिरामी | परीक्षण | पीपीई सेट |
|---|---|---|---|---|---|
| २९३८९ | ८६६० | ३११४ | ११० | २९०८ | १९९४ |

## कृषिमन्त्रीको चेतावनी
# 'हस्तक्षेप नभए भोकमरी'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ चैत



कृषि तथा पशुपक्षी विकासमन्त्री घनश्याम भुसालले कोरोना भाइरसको महामारीका कारण पर्न सक्ने असर तथा त्यस्ता सम्भावित सङ्कटबाट बचेर कृषिमा आत्मनिर्भर बनाउन अपनाउनुपर्ने उपायबारे स्थानीय तहसँग सुझाव मागेका छन् । कृषि उपज खरिदको व्यवस्था, जमिनको चक्लाबन्दी तथा बाँझो जमिनको उपयोग सम्बन्धमा सबै स्थानीय तहसित सुझाव मागेका हुन् ।


यसबारे स्थानीय तहले के-के गर्न सक्ने तथा प्रदेश र सङ्घीय सरकारले खेल्नुपर्ने भूमिकाका बारेमा समेत मन्त्री भुसालले सबै स्थानीय तहबाट सल्लाह-सुझाव लिइने आफ्नो अवधारणामा स्पष्ट पारेका छन् । उनले सो अवधारणाअनुसार अघि बढ्न मुलुकका सबै स्थानीय तहलाई निर्देशन दिएका छन् । कोरोना भाइरसका कारण हाललाई सबैसित छलफल गर्न सम्भव नभएकाले मन्त्री भुसालले स्थानीय तहसँग सुझाव मागेका छन् ।

कृषिको विकासका लागि हालसम्म गरिएका प्रयासलाई सार्थक बनाउन तथा कमजोरी हटाउने उद्देश्यले मन्त्रालयले 'संरक्षित कृषि, सुनिश्चित बचत' नाराअन्तर्गत पाँच वटा नीतिगत आधारसहितको कृषि विकासको अवधारणा ल्याएको छ । व्यक्तिगत प्रतिस्पर्धात्मक अनुदानका सट्टामा सबैले पाउने गरी बीउ/नश्ल, मल, सिँचाइ, बिजुलीलगायत उत्पादनका मुख्य सामग्रीमा अनुदान दिइने, सस्तो ब्याजदरको ऋणमा वास्तविक किसानको पहुँच ग्यारेण्टी नभएको अहिलेको अवस्थालाई अन्त्य गर्दै प्रत्येक किसानलाई पाँच प्रतिशत नबढ्ने गरी सस्तो ब्याजमा सुलभ ऋण उपलब्ध गराउने तथा सबै किसानलाई प्राविधिक सेवा उपलब्ध गराउने अवधारणा मन्त्रालयले अघि बढाएको छ । सो अवधारणाअनुरुप हाल मुलुकभरका स्थानीय तहमा कृषि तथा पशु सेवातर्फ रिक्त रहेका छ हजार प्राविधिक जनशक्तिको दरबन्दीमा पदपूर्ति गरिने मन्त्रालयको योजना छ ।

मन्त्रालयले सबै बालीवस्तुको बीमा गर्ने अवधारणा ल्याएको छ । "कृषि तथा पशुपक्षी बीमा कार्यक्रमलाई सहज र सस्तोमा किसानको पहुँचमा पुऱ्याउने सुनिश्चितता गरिने छ । प्राकृतिक प्रकोप र अन्य भवितव्यबाट कृषि बाली-वस्तुको हानी नोक्सानीबाट किसानलाई सुरक्षित गरिनेछ", अवधारणामा उल्लेख छ । किसानले उत्पादन गर्ने मुख्य बाली-वस्तुको उत्पादन लागतको मूल्याङ्कन गरी उचित बचतको ग्यारण्टी हुने गरी न्यूनतम समर्थन मूल्य तोकिनेछ । किसानले आफ्नो उत्पादन सरकारले तोकेभन्दा बढी मूल्यमा बजारमा बेच्न सक्ने तथा बजारमा न्यूनतम मूल्य नपाएको अवस्थामा स्वयं सरकारले खरिद गर्ने व्यवस्थाको तयारीमा मन्त्रालय बाँकी पृष्ठ २ मा

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु
ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
कसरी आफू बच्ने र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

# मलेसियाले थप्यो दुई साता लकडाउन
## टप ग्लोबसले भने उत्पादन थाल्यो



**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ चैत

मलेसियाले आवागमन तथा यात्रा नियन्त्रणको अवधि आगामी दुई हप्ताको लागि थप गरेको छ । जस अनुसार मलेसियामा अप्रिल २८ सम्म आवागमन गर्न पाईने छैन । कोरोना भाइरसको संक्रमण बढेपछि मलेसियाले पहिलो पटक मार्च १८ मा आवागमन तथा यात्रा नियन्त्रण आदेश जारी गरेको थियो ।आगामी मंगलवार उक्त अवधि नसकिदै मलेसियाले शुक्रवार अप्रिल २८ सम्मका लागि आवागमन तथा यात्रा नियन्त्रणको आदेश यथावत रहने घोषणा गरेको हो ।

दक्षिणपूर्वी देशहरु मध्ये मलेसिया सबै भन्दाबढी कोरोना भाइरस संक्रमित हुने देशमा रहेको छ । शुक्रवार पुष्टि भएका ११८ नयाँ विरामीसँगै मलेसियामा कोरोना संक्रमितहरुको संख्या ४ हजार २ सय नाघेको छ । मलेसियाका प्रधानमन्त्री मुहद्दिन यासिनले कोरोना संक्रमणबाट वाहिर आउन मलेसियालाई केही महिना लाग्न सक्ने बताएकाा छन् ।

मासिक करीव १२ हजार नेपाली रोजगारीमा जाने मलेसियामा हाल करिब ५ लाख नेपाली कामदार रहेका छन् । यसैबीच कोरोना भाइरसको बढ्दो संक्रमणकाबीच मलेसियाको विश्व प्रशिद्ध कम्पनी टप ग्लोब्सले मेडिकल ग्लोब्स् उत्पादन शुरु गरेको छ ।

उक्त कम्पनीका कार्यकारी प्रमुख लिम वी चाईले कोभिड १९ को संक्रमणले बढाएको माग पुरागर्न आफ्ना नियमित ग्राहकका लागि उत्पादन शुरु गरेको बताएका छन् । विश्व बजारमा करिब २० प्रतिशत हिस्सा ओगट्ने उक्त कम्पनीले वार्षिक १ सय १० करोड उत्पादन गर्दै आएको छ ।

### वैदेशिक रोजगार विशेष

## साउदीमा हरेक दिन कोरोना संक्रमण बढ्दो

काठमाडौं/मस- साउदी अरबमा कोरोना भाइरसको संक्रमण हरेक दिन बढिरहेको छ । त्यहाँबाट प्राप्त तथ्यांकहरुले साउदीमा कोरोना संक्रमितहरुको संख्या बढ्दै गएको देखाएको हो । पछिल्लो एक साताको तथ्यांक हेर्ने हो भने त्यहाँ दैनिक औषत २३० जना भन्दा बढी संक्रमित हुँदै गएका छन् ।

साउदी अधिकारीहरुले दिएको जानकारी अनुसार साउदी अधिराज्यमा हालसम्म कोरोना भाइरसबाट संक्रमितको संख्या ३ हजार ६५१ पुगेको छ । शुक्रबार थप ३६४ जनामा संक्रमण भएको छ । कूल संक्रमितहरु मध्ये हालसम्म ६८५ जना निको भएका छन् । शुक्रबार थप ३ जनाको निधन भएसंगै साउदीमा हालसम्म ४७ जना संक्रमितको मृत्यु भएको छ । यद्यपि थप नेपालीहरुमा संक्रमण भएको जानकारी प्राप्त नभएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ ।

साउदीमा कोरोना संक्रमणको बढ्दो दरको बिश्लेषणको आधारमा सबैको साथ नभएमा संक्रमण नियन्त्रण कठीन् हुने चेतावनी दिँदै सबै जिम्मेवार हुन साउदी अधिकारीहरुले अनुरोध गरेका छन् । संक्रमणबाट बच्न स्वास्थ्य सम्बन्धी सचेतना र जानकारीहरूलाई दैनिक पालना गर्न र क्षणभर पनि हेलचक्र्याइँ नगर्न आग्रह गरिएको छ ।

यस्तै कसैमा कोरोना भाइरसको संक्रमण भएको सम्बन्धमा आधिकारिक निकायले जानकारी नगराएसम्म अनुमान र हल्लाको भरमा कुनै अपुष्ट जानकारी एक अर्कासंग शेयर गर्ने, आवाज रेकर्ड पठाउने वा पोष्ट गर्ने कुनै कार्यहरु नगर्न सबैमा नेपाली बाँकी पृष्ठ २ मा

# आजदेखि काठमाडौं उपत्यकाका क्वारेन्टाइनको अवलोकन

**काठमाडौं/मस-** सरकारले स्थानीय तह तथा अन्य निकायमार्फत व्यवस्थापन गरिएका क्वारेन्टाइनको मापदण्ड पुगे नपुगेकोबारे स्थलगत अवलोकन र आवश्यक सहजीकरण थाल्ने भएको छ।

विदेशबाट आएका तथा शङ्कास्पद अन्य व्यक्तिलाई कोरोनाको संक्रमण हुन नदिन सरकारले बनाएको क्वारेन्टाइन व्यवस्थापन तथा सञ्चालन कार्यविधिअनुसार मापदण्ड पूरा भएनभएको स्थलगत अनुगमन र आवश्यक सहजीकरण गर्न लागिएको हो। सोहीअनुरुप शनिबार (आज) मध्याह्न स्थानीय पशुपतिनाथ क्षेत्रमा सञ्चालित क्वारेन्टाइनबाट अवलोकन शुरु गर्न लागिएको हो। मन्त्रिपरिषद्को यही चैत १६ गतेको बैठकले राज्यमन्त्रीद्वय शहरी विकास रामवीर मानन्धर र स्वास्थ्य तथा जनसंख्या नवराज रावतलाई अनुगमन र सहजीकरणको जिम्मेवारी दिएको थियो।



राज्यमन्त्री मानन्धरले शुक्रबार काठमाडौँ उपत्यकाका १८ वटै नगर प्रमुख, तीन जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा नेपाली सेनाका क्वारेन्टाइन व्यवस्थापनमा खटिएका पृतनापतिसँग छलफल गरे। छलफलमा राज्यमन्त्री मानन्धरले क्वारेन्टाइन व्यवस्थापन तथा सञ्चालन मापदण्डबारे जानकारी गराउँदै अब सरकारले शनिबारदेखि अनुगमनलाई तीव्रता दिन लागेको जानकारी दिए।

मुलुक विपद्का घडीमा रहेकाले तत्काल गर्नुपर्ने काममा कसैको मुख ताक्न नहुने बताउँदै राज्यमन्त्री मानन्धरले स्थानीय सरकारले गरिरहेको काम सन्तोषजनक रहेकामा धन्यवादसमेत दिए। स्थानीय सरकारले कोरोना नियन्त्रणका लागि सरकारले गरिरहेको प्रयासमा साथ दिइरहे पनि कतै अन्योल देखिएकाले जनताको जीवन रक्षाका लागि छिटोछरितो ढङ्गले काम गर्न आग्रह गरे।

क्वारेन्टाइन निर्माण र व्यवस्थापन मापदण्डानुसारको काम गर्न समस्या आए आफू सहजीकरणका लागि तयार भएको बताउँदै राज्यमन्त्री मानन्धरले विपद्को सामनाका लागि गम्भीर ढंगले लाग्न सबैलाई आग्रह गरे। राज्यमन्त्री मानन्धरले क्वारेन्टाइन व्यवस्थापनको खर्चबारे चिन्ता नलिन काठमाडौँ उपत्यकाका नगर प्रमुखलाई आग्रहसमेत गरे।

काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा सञ्चालन गर्न सकिने अवस्थामा रहेका र सम्भावित स्थानको क्वारेन्टाइनबारे दुई दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई प्रतिवेदन दिइने छ।


भक्तपुरको कृषि तालीम केन्द्रमा ६०, खरीपाटीमा १७५ तथा खानेपानी तालीम केन्द्रमा ७० शय्याको क्वारेण्टाइन तयारी अवस्थामा छ। यस्तै ललितपुरको स्टाफ कलेजमा एक सय तथा पशुपतिनाथ क्षेत्रमा ७० शय्या क्षमताको क्वोन्टिाइन मापदण्डअनुसार छन्।

काठमाडौँका प्रजिअ जनकराज दाहालले बूढानीलकण्ठ स्कूलमा एक सय, जनमैत्री अस्पतालमा १२४, इचंगु ब्लकमा चार सय तथा दहचोकस्थित मनमोहन अस्पतालको भवनमा सात सय शय्या बनाउन सकिने अवस्था रहेको जनाइएको छ।

छलफलमा शहरी विकास मन्त्रालयका सचिव मधुसूदन अधिकारीले क्वारेन्टाइनमा राखिने व्यक्तिबारे स्वास्थ्य मन्त्रालयले प्रष्ट नीति बनाउनुपर्ने बताए। स्थानीय र प्रदेश सरकारको योजनामा केन्द्रीय सरकारको आवश्यक समन्वयमा कमी भएको जनाउँदै नगर प्रमुखहरुले आवश्यक समन्वयका लागि राज्यमन्त्रीले पहल थाल्नु सकारात्मक भएको बताए। क्वारेन्टाइनको मापदण्ड पूरा गर्न केही प्राविधिक समस्या आउनसक्ने बारे पनि उनीहरुले सरकारको ध्यानाकर्षण गराएका थिए।

# मेयरले कार्यविधि मिचेको आरोप

**कपिलवस्तु/मस-** कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिकाका मेयर रजत प्रताप शाहमाथि राहत खरिदका नाममा नेपाल सरकारद्वारा जारी राहत बितरण कार्यविधि नै मिचेको आरोप लागेको छ। मेयर शाहमाथि यस्तो आरोप नगरपालिकाका उपमेयर तथा वडा अध्यक्षहरुले नै लगाएका हुन्। उनीहरुले एक विज्ञप्ति जारी गर्दै मेयर शाहले लकडाउनको दुई सप्ताह बितिसक्दा पनि राहत वितरण कार्य नगरी स्थानीय गरीब तथा विपन्न वर्गमाथि खेलवाड गरेको आरोप लगाएका छन्।



प्रेस विज्ञप्ती

मिति-२०७६/१२/२८

कोरोना भाईरस( COVID-19 )महामारी विश्व भर फैलिएको र यसको प्रभाव नेपालमा समेत परेको कुरा सर्वविदित छ। कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागी नेपाल सरकारले घोषणा गरेको लाकडाउन अवधि भर असहाय र असंगठित क्षेत्रमा कार्यरत श्रमिक मजदुरहरु लाई छाक टार्न समस्या नहोस भनेर नेपाल सरकार अर्थ मन्त्रालयले राहत वितरण सम्बन्धी कार्यविधि जारी गर्दै वडा कार्य समिती बाट राहत उपलब्ध गराउन भनेको भए त पनि लाकडाउनको अवधि दुई साता विती सक्दा पनि राहत वितरण सम्बन्धमा कृष्णनगर नगरपालिकाका मेयर ले कार्यपालिकाको बैठक समेत न बोलाई राहत वितरण कार्यमा उदासिन र गैरजिम्मेवार देखिनु दुर्भाग्य पूर्ण छ। लाकडाउन अवधिमा मर्कामा परेका श्रमिक मजदूरहरु लाई तत्काल राहत उपलब्ध गराउन नेपाल सरकारले जारी गरेको कार्यविधीको दफा ६ बमोजिम वडा कार्यसमितिले श्रमिक तथा असहायहरुको तथ्याङ्क संकलन गरि राहत समाग्री खरिद गरि वितरण गर्नु पर्ने कानुनी व्यवस्था भए त पनि मेयर रजत प्रताप शाह ले कार्यविधी लाई लत्याउदै वडा कार्यसमिति लाई समेत जानकारी नै नगराई मनोमानी ढङ्गले अन्य ठाउँबाट राहत समाग्री खरिद गरि गोप्य ठाउँमा राखेको जानकारी प्राप्त भएको विषय प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। संकट को यस घडीमा मेयर रजत प्रताप शाह बाट यस्तो कार्य हुनु निन्दनीय रहेको निष्कर्ष निकाल्दै राहत समाग्री को वितरण निश्पक्ष तथा प्रभावकारी बनाउनको लागि तत्काल कार्यपालिकाको बैठक बोलाई सरकारले जारी गरेको कार्यविधी अनुसार नै व्यवस्था मिलाउन जोडदार माग गर्दछौं।

उपमेयर
सबनम खातुन
कृष्णनगर नगरपालिका क. व.

वडाध्यक्ष
मोहम्मद जमिल खां
वडा नं. ५ कृष्णनगर नगरपालिका

वडाध्यक्ष
फग्गू मुराऊ
वडा नं.११ कृष्णनगर नगरपालिका

वडाध्यक्ष
नूर मोहम्मद मुसलमान
वडा नं. ८ कृष्णनगर नगरपालिका

विज्ञप्तिमा नेपाल सरकारले जारी गरेको राहत बितरण कार्यविधिको दफा ६ बमोजिम वडा कार्यसमितिले श्रमिक तथा असहायहरुको तथ्यांक संकलन गरेर, राहत सामग्री खरिद गरी वितरण गर्ने कानुनी व्यवस्था भए पनि सो कार्यविधिलाई लत्याउँदै मेयर शाहले मनमानी तरीकाबाट राहत सामग्री खरिद गरेको आरोप लगाइएको छ। दैनिक ज्यालादारी गरी आफ्नो तथा परिवारको जीवीकोपार्जन गरी रहेका व्यक्तिहरुलाई लकडाउन पछि दुई छाक टार्न समेत गाह्रो परिरहेको भन्दै विज्ञप्तिमा नगरपालिकाबाट भइरहेको लापरवाही र ढिलासुस्ति अति नै निन्दनीय भएको उल्लेख छ।

विज्ञप्तिमा जनप्रतिनिधिहरुले भनेका छन्, 'लकडाउन अवधिभर असहाय र असंगठित क्षेत्रमा कार्यरत श्रमिक मजदुरहरुलाई भोकै बस्ने बाध्यता नहोस् भनेर नेपाल सरकार अर्थ मन्त्रालयले गरीब तथा विपन्न परिवारलाई राहत सामग्री वितरण गर्ने घोषणा गरेको छ। विश्वभरी महामारीको रुपमा तीव्र गतिमा फैलिरहेको कोरोना भाइरसलाई निर्मूल पार्नको लागि सरकारले लकडाउन घोषणा गरेको छ। लकडाउन पछि कतिपय घर परिवारहरु भोकमरीका कारण भोकै बस्न बाध्य भइसकेका छन्।'

उपमेयर तथावडाअध्यक्षहरुद्वारा शुक्रबार जारी प्रेस विज्ञप्तिमा यस विपदको बेला नगरपालिकाले वडा कार्यसमितिलाई समेत जानकारी नै नगराई मनमानी तरीकाबाट राहत खरिद गरेको कार्यप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै राहत वितरण निष्पक्ष तथा प्रभावकारी बनाउनको लागि तत्काल कार्यपालिकाको बैठक बोलाई सरकारले जारी गरेको कार्यविधि अनुसार अबिलम्ब राहत वितरण व्यवस्था मिलाउन माग गरिएको छ।

विज्ञप्ति जारी गर्नेहरुमा उपमेयर सबनम खातुन तथा वडाध्यक्षहरु टुंगनाथ चौधरी (१ वडा), मोहम्मद जमिल खाँ (५ वडा), नुर मोहम्मद मुसलमान (८ वडा) र फग्गू मुराऊ रहेका छन्।

# सुर्खेतमा लकडाउन उल्लंघन गर्ने १०४ जना नियन्त्रणमा

**भिम प्रसाद शर्मा/मध्यान्ह**
सुर्खेत, २८ चैत



लकडाउन उल्लंघन गर्ने १ सय ४ जनालाई सुर्खेत प्रहरीले नियन्त्रणमा लिएको छ। सुर्खेत जिल्लाको सदरमुकाम तथा मातहत स्थानीय वडा एरियाबाट कोरोना भाइरस (कोभिड १९) संक्रमणको जोखिमलाई मध्यनजर गर्दै सरकारले लागू गरेको लकडाउन उल्लंघन गर्ने महिला ४२ जना र पुरुष ६२ जना गरी जम्मा १०४ जनालाई नियन्त्रणमा लिइएको हो।

शुक्रबार नियन्त्रणमा लिइएकाहरुलाई केही समय सम्बन्धित पिकेटहरुमा राखि उनीहरुलाई लकडाउन तथा कोरोना भाइरसको संक्रमण समबन्धित विषयको बारेमा सम्झाई बुझाई गरी छाडिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका सुचना अधिकारी प्रहरी निरीक्षक गोपाल रायमाझिले बताए।

# अदालतको केही काम कारवाही बढाइने




**काठमाडौं/मस-** सर्वोच्च अदालतले न्यायालयका काम कारवाहीलाई बढाउने निर्णय गरेको छ। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहित सर्वोच्च अदालतका न्यायाधीशको शुक्रबार बसेको पूर्ण बैठकले न्यायालयका काम कारवाही बढाउने निर्णय गरेको हो।

विश्वभरि नै कोरोना भाइरसको संक्रमण बढ्दै गएर त्यसको सम्भावित जोखिमबाट बच्न नेपालमा पनि लकडाउन भएपछि सर्वोच्च अदालतले यही चैत १२ गते बसेको पूर्ण बैठकले सर्वोच्चसहित देशभरका अदालत अति आवश्यक परे मात्र इजलास बस्ने निर्णय गरेको थियो।

अदालतले यसअवधिमा बन्दी प्रत्यक्षीकरणको निवदेन, महामारीसँग सम्बन्धित गम्भीर प्रकृतिका निवेदनको कारवाही र सुनुवाइ गर्ने तथा बालसुधार गृहका निवेदनउपर मात्र सुनुवाइ गरेको थियो। शुक्रबारदेखि अभियुक्तलाई हिरासतमा राख्न अनुमति दिने, अभियोगपत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको बयान लिने, थुनछेक आदेश गर्नेजस्ता कार्य गर्ने पूर्ण बैठकले निर्णय गरेको सर्वोच्च अदालतको प्रवक्ता भद्रकाली पोखरेलले जानकारी दिइन्।

मुलुकी फौजदारी संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनको कारवाही र सुनुवाइ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ११ बमोजिम दर्ता भइसकेका पुनरावलोकनका निवेदनका सुनुवाइसम्बन्धी कार्य र लकडाउनको अवधिमा दरपीठ आदेश उपरको निवेदन दर्ता पनि आइतबारदेखि पुनः शुरु हुने निर्णय गरेको सर्वोच्च अदालतले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

'कोभिड-१९ नियन्त्रणमा आइनसकेको र यसको संक्रमण फैलिने जोखिम कायमै रहेको हुँदा सबैको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी अदालतमा हुनसक्ने भीडभाड तथा रोग संक्रमणको जोखिम न्यूनीकरण गर्न न्यून संख्याको जनशक्ति, कानून व्यवसायी र सेवाग्राहीको उपस्थिति व्यवस्थापनलगायतका अन्य उपयुक्त उपाय अवलम्बन गरी मुद्दाको कारवाही र सुनुवाइको प्रबन्ध सबै अदालत तथा न्यायाधीकरणले मिलाउनु' विज्ञप्तिमा भनिएको छ।

सबै प्रकारको व्यवस्था गर्न समय लाग्ने भएका कारण लकडाउनको अवधि समाप्त भएको तीन दिनपछि अदालतका सबै कार्य नियमित हुने पनि पूर्ण बैठकले निर्णय गरेको छ।

# सबैका प्रिय रंगरेजको निधन

**कपिलवस्तु/मस-** कपिलवस्तु नगरपालिका वडा नं. १ निवासी सबैको प्रिय, सरल एवं मृदभाषी, कपिलवस्तु नगरपालिकामा कार्यरत गुड्डु रंगरेजको बिहीबार राति असामयिक निधन भएको छ। ३९ वर्षीय रंगरेज केहि महिनादेखि बिरामी थिए।



नगरपालिकाले शुक्रबार एक शोक वक्तव्य जारी गर्दै नगरपालिकाका हल्का सवारी चालक रंगरेजको असामयिक निधनप्ले नगरपालिका परिवारलाई दुसखित र स्तब्ध बनाएको जनाएको छ। नगरपालिकाले स्वर्गीय आत्माको चीर शान्तीको कामना सहित श्रद्धान्जली र शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेको छ।

रंगरेजको निधनका कारण नगरपालिकाबाट सम्पादन गरिने बाह्य कार्यहरु शुक्रबारका लागि बन्द गरिएको प्रमुख प्रशासकीय अधिकृत चिरन्जीबी सापकोटाले बताए।

# अग्रवाललाई छुटाउन मैले दवाव दिएको छैन : राज्यमन्त्री दुगड

**काठमाडौं/मस-** उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडले कालोबजारीको आरोपमा पक्राउ परेका सुलभ अग्रवाललाई छुटाउन आफूले भूमिका खेलेको भनी विभिन्न सञ्चारमाध्यममा आएको समाचारको खण्डन गरेका छन्। उनले केही सञ्चारमाध्यममा आएजस्तो निज अग्रवाललाई कानूनी कारवाहीबाट जोगाउन आफूले कुनै भूमिका निर्वाह नगरेको प्रेस विज्ञप्तिमार्फत प्रष्ट पारेका छन्।

हाल कोभिड-१९ जस्तो महामारीले विश्व आक्रान्त परेका अवस्थामा आपूर्ति राज्यमन्त्रीको जिम्मेवारीमा रहेको आफ्नो प्रमुख दायित्व आपूर्ति व्यवस्थालाई सहज बनाउने हो भन्ने प्रष्ट गर्दै उनले जुनसुकै अवस्था पहुँचमा भएको व्यक्ति वा निकाय भए पनि यदि कसैले यस्तो मानवीय संकटका समयमा कुनै प्रकारको गैरकानूनी काम कारवाही गरेमा त्यसलाई कानूनबमोजिम कडाभन्दा कडा कारबाही हुनुपर्छ भन्ने आफ्नो मान्यता रहेको बताए।

'सुलभ अग्रवालको सन्दर्भमा पनि पक्राउपश्चात् के भएको हो, त्यसबारे सत्यतथ्य बुझ्ने प्रयास गरेको हुँ, जुन मेरो पदीय जिम्मेवारी पनि हो तर निजलाई छुटाउने उद्देश्यले मैले कसैलाई भेटघाट, भनसुन र दबाब नदिएको कुरा प्रष्ट पार्दै ती समाचारहरुको खण्डन गर्न चाहन्छु,' शुक्रबार अपराह्न प्रकाशित विज्ञप्तिमा भनिएको छ।

यस्तो विषम परिस्थितिमा कालोबजारी गर्नेलाई कानूनबमोजिम कडाभन्दा कडा कारबाही गर्नुपर्छ भन्ने आफ्नो पहिलेदेखिकै धारणा रहेको बताउँदै राज्यमन्त्री दुगडले विश्वव्यापी महामारीको विषम परिस्थितिमा खटिइरहेको जिम्मेवार व्यक्तिमाथि कुनै तथ्यविना भ्रामक समाचार सम्प्रेषण गरेर अवाञ्छित लाञ्छना लगाउने कार्य नगरी जिम्मेवार सञ्चारकर्मीको भूमिका निर्वाह गर्नसमेत उनले सबै पत्रकारलाई अनुरोध गरेका छन्।

# लकडाउनको मौकामा चोरीतस्करी

**दाङ/रासस-** दाङ र आसपासका जिल्लामा लकडाउनको मौका छोपी वनमा चोरीतस्करीका घटना बढेका छन्। तस्करले जिल्लाका बजारदेखि टाढा रहेका वन क्षेत्रमा गएर काठ चोरी गरेका छन्।



जिम्मेवार तहका व्यक्ति नै रुख फँडानीमा संलग्न रहेको पाइएको डिभिजन वन कार्यालय दाङले जनाएको छ। यसपटक अधिकांश नयाँ ठाउँमा तस्करले काठ कटान गरेका छन्। कार्यालय प्रमुख दीपक ज्ञवालीले बन्दाबन्दी शुरुभएदेखि हालसम्म छ वनका वन पैदावार चोरी तथा तस्करीका घटनामा १० जनालाई पक्राउ गरिएको बताए। पक्राउ परेकाहरुबाट सयौं क्युफिट काठ, तीन ट्र्याक्टर तथा रुख काट्न प्रयोग गरिने औजार बरामद भएको छ। बरामद गरिएको काठ मुचुल्का तयार गरी सुरक्षितसाथ राखिएको प्रमुख ज्ञवालीले बताए।

चोरीमा संलग्नको विस्तृत विवरण केही दिनमा पत्रकार सम्मेलन गरी सार्वजनिक गर्ने तयारी गरिएको कार्यालयले जनाएको छ। लकडाउन अवधिमा बढेको काठ तस्करी, चोरी निकासी र वन्यजन्तु शिकारका घटना बढ्न नदिन विभिन्न समूह बनाएर वन गस्ती शुरु गरिएको कार्यालयले जनाएको छ।

वन गस्ती शुरु

अर्घाखाँची- शीतगंगा नगरपालिका वडा नम्वर ११ खयरभट्टीमा काठ चोरी तस्करी बढेको छ। लकडाउनमा मानिस घरभित्रै बसेको मौका छोपी कपिलवस्तुसँग सिमाना जोडिएको क्षेत्रमा तस्करले काठ चोरी गरेका हुन्। विश्वमा फैलिएको कोराना संक्रमणबाट बच्न सरकारले लकडाउन गरेको समयमा खयरभट्टीमा नेपाल सरकारको जनहितमा जारी निर्देशनलाई अवज्ञा गर्दै लुकिछिपी वन विनाश र तस्करी बढेको हो। लुकीछिपी काठको तस्करी बढेपछि वन कार्यालयले वन गस्ती शुरु गरेको छ। गस्ती गर्दा सालका ठूला सात रुख काटेर झण्डै रु डेढ लाख मूल्यको चोरी भएको भेटिएको डिभिजन वन कार्यालय अर्घाखाँचीका प्रमुख शिव शर्माले बताए। स्थानीय सामुदायिक वन उपभोक्ता समिति र आफ्नो मातहतका कर्मचारीलाई राम्रोसँग हेरविचार गर्नसमेत आग्रह गरिएको डिभिजन वन प्रमुख शर्माले बताए।

नदीजन्य वस्तु पनि शिकार

जीतपुर-लकडाउनको मौका छोपी कपिलवस्तुको बाणगङ्गा नदीमा नदीजन्य वस्तुको चोरीतस्करी मौलाउँदै गएको छ। रातभर दर्जनौं सवारी साधन र भ्याकु मेशिन प्रयोग गरेर डम्पिङ गरिएको करीब चार सय ट्र्याक्टर गिटीबालुवा बाणगङ्गा नगरपालिकाले बरामद गरेको छ।

नगरका उपप्रमुख चक्रपाणि अर्याल, प्रमुख प्रशासकीय अधिकृत चूरामणी पन्थी, इलाका प्रहरी कार्यालय पिपराका प्रहरी निरीक्षक आयुषप्रसाद जोशी, सञ्चारकर्मीसहितको टोलीले स्थलगत अध्ययन गर्दा चोरी गरेको पाइएको हो।

बाणगङ्गा -८ वालापुरको नदी किनारमै रातभर थुपारिएको नदीजन्य पदार्थ जफत गरिएको जानकारी दिँदै प्रमुख प्रशासकीय अधिकृत पन्थीले अभियुक्तलाई प्रहरीको जिम्मा लगाइएको बताए। उपप्रमुख अर्यालले यस्तो राष्ट्रिय संकटका बेला रातभर नदी उत्खनन गर्नेलाई कारवाहीका लागि जिल्ला प्रशासन कार्यालयसमक्ष जानकारी गराइएको बताए। सो क्षेत्र ठेक्का नलागेको क्षेत्र भएको पनि उनले प्रष्ट्याए।

उक्त क्षेत्रमा करीब चार सय ट्र्याक्टर मिश्रण रातभरमा थुपारिएको थियो। केही दिनयता बाणगङ्गा नदीमा नदीजन्य पदार्थको दोहन अत्याधिक भइरहेको बाणगङ्गा-५ मधौलियाका स्थानीयवासीले बताएका छन्।

## फ्रन्टलाइनमा...

पोखरेलले प्रदेश सरकारले बुटवल, भैरहवा, बाँकेको खजुरा र दाङको बेलझुण्डीमा कोरोना आइसोलेसन अस्पताल निमार्ण गरेको र त्यहाँ आइसियुसहितको उपचारको व्यवस्था रहेको जानकारी गराए। उनले भैरहवामा प्रयोगशाला परीक्षण शुरु गरिएको, नेपालगञ्ज र दाङमा छिट्टै प्रयोगशाला परीक्षण हुने बताए।

र्‍यापिड टेष्ट शुरु गरिएको र क्वारेन्टाइनमा बसेकाको र्‍यापिड टेष्ट गरिने, ज्वरो आएका र आइसोलेसनमा रहेकाको स्वाब परीक्षण गरिने गरी व्यवस्था मिलाइएको पनि जानकारी दिए। प्रदेश नम्बर पाँचले जस्तै अन्य प्रदेशले पनि विभिन्न माध्यमबाट स्थानीय सरकारसँग समन्वय गरी कोरोना महामारी नियन्त्रणको प्रयास गरिरहेको छ। यसका लागि प्रदेश सरकारले कार्यविधि नै पारित गरेको छ।

## कृषिमन्त्रीको ...

जुटेको छ। "यी नीतिगत आधारको मूल उद्देश्य मुलुकमा कृषिकर्म गर्ने कुनै पनि व्यक्तिले न्यूनतम बचत प्राप्त गर्छ भन्ने कुराको प्रत्याभूति गराउनु हो। यसबाट हरेक किसानले आफ्नो सामान्य जीवन निर्वाहका लागि चिन्ता गर्नुपर्ने छैन। जति बढी उत्पादन, त्यति बढी बचतको ग्यारण्टी हुँदा हामीले दशकौँदेखि भन्दै आएको आयात प्रतिस्थापन अर्थात् आत्मनिर्भरता स्वतः कार्यान्वयन हुँदै जानेछ", अवधारणामा उल्लेख छ। यो अवधारणाले श्रमबजारमा जुट्ने युवा जनशक्तिका लागि कृषिले ठूलो अवसर प्रदान गर्ने मन्त्री भुसालको विश्वास छ। वैदेशिक रोजगारीबाट फर्कनेलाई समेत यसले स्पष्ट विकल्प दिनेछ। "हामीले अघि सारेका नीतिको कार्यान्वयनले कृषि क्षेत्रका समस्यालाई आधारभूत रूपमा समाधान गर्न सकिनेछ", मन्त्री भुसालले स्पष्ट पारेका छन्।

अघि बढाएका नीतिगत आधारको कार्यान्वयनका लागि तीनवटै तहका सरकार, सहकारी र निजी क्षेत्रको भूमिकालाई उचितरूपमा संयोजन गर्नुपर्ने मन्त्रालयले जनाएको छ। उत्पादनका लागि बजार, जमिनको चक्लाबन्दी, कृषिकर्ममा यान्त्रिकीकरण, भण्डारण, प्रशोधनलगायत सिँचाइ, विषादी व्यवस्थापन, रोग नियन्त्रण, नयाँ प्रविधि तथा उन्नत जात/नश्लको अनुसन्धान र विकास, पर्यावरणीय कृषिलगायत कार्यक्रम एकसाथ सञ्चालन गर्नुपर्नेमा मन्त्री भुसालले जोड दिएका छन्।

बाली-वस्तुको न्यूनतम समर्थन मूल्य तोक्ने र किसानले बजारमा बिक्री गर्न नसकेको बाली-वस्तु खरिद गर्ने व्यवस्था सङ्घीय, प्रदेश र स्थानीय तहले गर्नुपर्ने छ। जमिनको चक्लाबन्दी र बाँझो जमिनको उपयोग आगामी कार्यक्रमको महत्वपूर्ण विषय हुनेछ तथा यसको कार्यान्वयनका लागि मुख्यगरी स्थानीय तहले भूमिका खेल्नुपर्नेमा जोड दिइएको छ। मन्त्रालयको आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट सङ्घीय, प्रदेशका मन्त्रालय तथा सबै स्थानीय तहसितको समन्वय र सहकार्यद्वारा तयार गर्नुपर्ने मन्त्री भुसालको धारणा छ। मन्त्री भुसालले कोरोना महामारीबाट विश्व अर्थतन्त्रमा आउन सक्ने संकट र यसले नेपालमा पार्ने असरबारे हस्तक्षेपकारी भूमिका निर्वाह हुन नसके भोकमरीको संभावना रहेको समेत उल्लेख गरेका छन्।

## साउदीमा...

राजदूतावासले अनुरोध गर्दै आएको छ।

कसैलाई संक्रमण भएको अपुष्ट जानकारी प्राप्त भएमा थप जानकारीका लागि नेपाली राजदूतावासका कर्मचारी वा नेपाली समुदायका आफूले विश्वास गर्ने प्रतिनिधिसंग कुराकानी गर्न र कुनै नेपाली नागरिकमा कोरोना संक्रमणको शंका भएमा स्वयं वा आफू कार्यरत कम्पनी मार्फत तोकिएको स्वास्थ्य संस्थामा परीक्षण गराउन, विदेशी नागरिकहरुसँग काम गर्दा, हिँडडुल, उठवस वा बजार गर्दा पूर्ण सावधानीका साथ गर्न, एकअर्काबीच दुरी कायम गर्न र कुनै पनि व्यक्ति वा सरसामानहरुलाई अनावश्यक छुने वा स्पर्श गर्ने नगर्न पनि साउदीमा रहेका नेपालीहरुमा दूतावासले आग्रह गरेको छ।

# टोकियो ओलम्पिक अर्को वर्ष पनि अनिश्चित




**टोकियो, एजेन्सी–** जापानमा हुने तय भएको टोकियो ओलम्पिक प्रतियोगिता निर्धारित समयभन्दा एक बर्ष पछाडि पनि हुनेमा आशंका व्यक्त गरिएको छ ।

टोकियो ओलम्पिकका प्रमुख कार्यकारी अधिकृत तोशिरो मुटोले अर्को बर्षपनि ओलम्पिक हुन्छ भन्ने सुनिश्चित गर्न नसकिने बताएका हुन् ।

विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमणका कारण प्रतियोगिता अनिश्चित नै रहेको उनको भनाई छ । यसै बर्ष सन् २०२० मा हुने तय भएको प्रतियोगिता कोरोना भाइरसको सङ्क्रमणकै कारण ठिक एक बर्ष पछाडी सारेर अर्को बर्ष सन् २०२१ को जुलाई २३ देखि गर्ने निर्णय भइसकेको छ ।

प्रमुख कार्यकारी अधिकृत मुटोले प्रतियोगिता अझ धेरै दिन पछाडि सर्नसक्ने सम्भावना उत्तिकै रहेको शुक्रबार बताए ।

जापानमा प्रधानमन्त्री सिन्जे आवेले यसै हप्तादेखि लागु हुनेगरी केही ठाउँका लागि सङ्कटकालको समेत घोषणा गरेका छन् ।

"आगामी जुलाईसम्ममा कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण भइसक्छ भन्ने कुरा कसैले भन्न सक्दैन, त्यसैले अहिले तोकिएकै मितिमा ओलम्पिक प्रतियोगिता हुन्छ भन्ने सुनिश्चत गर्न पनि मैले सक्दिन," उनले भने ।

शुक्रबार आयोजित पत्रकार अन्तरक्रियामा उनले तोकिएकै मितिमा प्रतियोगिता हुने बारेमा आफुसँग स्पष्ट जवाफ भएको बताए ।

कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि गत महिना सम्बन्धित निकायहरुले यसै बर्ष सन् २०२० मा हुने तय भएको टोकियो ओलम्पिक सारेर अर्को बर्ष सन् २०२१ को जुलाई २३ देखि र पारालोम्पिक अगस्ट २४ देखि गर्ने निर्णय गरेका थिए ।

प्रधानमन्त्री आवेले कोरोना भाइरस विरुद्धको लडाईलाई छिटो छरितो, प्रभावकारी र शसक्त नबनाएकाले ओलम्पिक प्रतियोगिता सार्नु परेको भन्दै उनको आलोचना पनि भएको छ । प्रमुख कार्यकारी अधिकृत मुटोले प्रतियोगिता एक बर्ष पछाडि हुने मानेर नै तयारीको कामहरु तिब्र गतिमा अगाडी बढाइने बताए । उनले त्यतिबेलासम्म कोरोना भाइरसको सङ्क्रमण अन्त्य हुने आशा पनि व्यक्त गरे ।

जापानमा कोरोना भाइरसका कारण शुक्रबारसम्ममा झण्डै पाँच हजार जना सङ्क्रमित भएका छन् भने झण्डै एक सय जनाको मृत्यु भएको छ ।

## विदेशका समाचार

# भारतको लकडाउन लम्बिन सक्छ




**देहरादून, एजेन्सी–** भारतमा लगाइएको देशव्यापी २१ दिने लकडाउन लम्बिन सक्ने एक मुख्यमन्त्रीले शुक्रबार बताएका छन् ।

उत्तराखण्डका मुख्यमन्त्री त्रिबेन्द्र सिंह रावतले कोरोना भाइरस विरुद्धको लडाईलाई सफल पार्न लकडाउन लम्बिनसक्ने बताएका हुन् ।

"भारतका सवै राज्यहरुले लकडाउनलाई पूर्णरूपमा कार्यान्वयन गराएका छन्, मलाई विश्वास छ, यही अप्रिल १४ तारिखसम्मका लागि यस अघि घोषणा गरिएको लकडाउनको अवधि थपिने छ," रावतले एएनआईसँग भने ।

उनले उत्तराखण्ड राज्य कोरोना भाइरसको सङ्क्रमणको विषयमा पहिलो चरणमै रहेको पनि जानकारी दिए ।

तबलिगी जमातबाट फर्किएकाहरूका कारण सङ्क्रमणको खतरा रहेपनि उनीहरु सम्पर्कमा आएको राज्यले उचित व्यवस्थापन गरिरहेको उनको भनाई छ ।

शुरुमा उनीहरुले अटेरी गरेपनि फौजदारी अभियोग लगाउने चेतावनी दिएपछि उनीहरु सम्पर्कमा आएर कोरोना नियन्त्रण सम्वन्धी नियमहरु अवलम्बन गरेको मुख्यन्त्री रावतले बताए ।

"फर्किएकाहरुलाई सुरुमा सम्पर्कमा आउन र स्वास्थ्य परीक्षण गराउन आग्रह गरिएको थियो, त्यतिवेला उनीहरुलाई यो कुनै तपाईहरुको गल्ती नभई स्वास्थ्य समस्या हो, त्यसको उपचार गर्नु पर्दछ भनेका थियौं," उनले भने ।

त्यसपछि पनि आउन नमान्नेलाई कानुनी कारबाही गर्ने चेतावनी दिइएको मुख्यमन्त्री रावतले जानकारी दिए ।


आफ्नो प्रदेशमा दिनदिनै परीक्षणको कामहरु भइरहेको र दुई प्रकारको परीक्षण हुने गरेको उनले बताए ।

"हामीसँग झण्डै दश हजार व्यक्तिगत सुरक्षा सामग्री (पिपिई किट्स) ३० हजार मास्क र २५७ भेन्टीलेटरहरु छन्," उनले भने । अहिले आफुहरूलाई एन-९५ मास्कको थप आवश्यकता नरहेको पनि उनले स्पष्ट गरे ।

उनले अहिलेसम्म भेन्टिलेटर प्रयोग गर्नु नपरेकोमा आफुहरु भाग्यमानी भएको पनि बताए । मुख्यमन्त्री रावतले उत्तराखण्ड राज्यमा अहिलेसम्म ३५ जनामा मात्रै कोरोना भाइरसको सङ्क्रमण देखिएको र ती मध्ये निको भएर घर फर्किसकेको जानकारी दिए ।

उत्तराखण्डमा कोरोना भाइरसका कारण अहिलेसम्म कसैको पनि मृत्यु भएको विवरण नआएको पनि बताए ।

# इजरायलमा उपचारमा रोबोटको प्रयोग



**जेरूसेलम, एजेन्सी–** इजरायली अन्वेषकहरूले कोरोनाभाइरसको सङ्क्रमणका विरामीलाई हेर्ने क्रममा स्वास्थ्यकर्मीलाई सङ्क्रमण हुने जोखिमलाई कम गर्नका लागि स्वास्थयकर्मीले टाढाबाट सञ्चालन गर्ने रोबोट प्लेटफर्मको विकास गरेको इजरायली इन्स्टिच्युट अफ टेक्नोलोजीले शुक्रबार जनाएको छ ।

रोबोट सम्लग्न भिडियो क्यामेराको सहयोगमा 'जोयस्टिक' वा 'स्मार्टफोन' एप्लिकेसन प्रयोग गरेर स्वास्थ्यकर्मीले टाढाबाट विरामीलाई परीक्षण गर्ने प्रविधिको विकास इजरायलले गरेको हो । यो रोबोट उत्तरी शहर हाइफामा रहेको रमबामको अस्पतालको आवश्यकता अनुसार विकसित गरिएको हो र चाँडै नै त्यहाँ सञ्चालन हुने आशा गरिएको छ ।

अन्वेषकहरुका अनुसार अपेक्षाकृत छोटो समयमा उनीहरु रमबाम र अरु इजरायली अस्पतालहरुमा त्यस्तै रोबोटहरू निर्माण गर्न सक्षम हुनेछन् ।

अर्को चरणमा रोबोटमा एक सञ्चार प्रणाली सम्मिलित गरिनेछ जसमा प्राविधिक सामग्रीहरू स्क्रिन, क्यामेरा, माइक्रोफोन र स्पिकर समावेश हुनेछ र यो बिरामीदेखि बिरामीसम्म सर्न सक्षम हुनेछ र वास्तविक समयमा मेडिकल स्टाफमा सूचना प्रसारित गर्न सक्नेछ ।

"हामी त्यस्ता सुविधाहरू थप्नेछौं जसले वास्तविक उपचारमा मद्दत गर्दछ । जस्तै सेन्सरहरूले बिरामीको नाडी दर र रगत अक्सिजन स्तर जाँच गर्छन्," अन्वेषक टोलीले उल्लेख गर्‍यो ।

रोबोट इजरायलको हाईफाको एक उच्च माध्यमिक विद्यालय र त्यहाँबाट उत्तीर्ण विद्यार्थीहरूको 'पहिलो' रोबोटिक्स कार्यक्रम अन्तर्गत विकसित गरिएको थियो ।

एक अन्तर्राष्ट्रिय शैक्षिक संस्थाले छात्रछात्रा र युवाहरूको बीचमा उद्यमशीलता र सिकाई सीपको प्रोत्साहनका लागि उक्त कार्यक्रम विज्ञान र प्रविधि क्षेत्रमा प्रेरणा र पहिचान दिन गरिने रोबोटिक्स प्रतियोगिताबाट निर्माण गरिएको थियो ।

# पन्जाब राज्यमा कृषकका लागि बन्दाबन्दी खुकुलो पारिने



**नयाँदिल्ली, एजेन्सी–** भारतको पन्जाब राज्यमा बन्दाबन्दी (लकडाउन) लम्बिएपनि कृषकहरुका लागि भने खुकुलो पारिने भएको छ । पन्जाबका मुख्यमन्त्री अमरिंदर सिंहले भारत सरकारले घोषणा गरेको देशव्यापी बन्दाबन्दीले निरन्तरता पाउन सक्ने र कृषकका लागि भने खुकुलो पारिने बताउनुभएको हो ।

कोरोना भाइरसको सङ्क्रमण थप फैलिन नदिनका लागि भारतमा यही अप्रिल १४ तारिखसम्मका लागि २१ दिने देशव्यापी बन्दाबन्दी लागु गरिएको छ ।

केन्द्रीय सरकारले बन्दाबन्दी लम्ब्याउने निर्णय गरेमा लकडाउनलाई कायमै राख्दै कृषकहरुलाई भने कृषि कामका लागि आवत जावत गर्न सजिलो बनाइने उनले बताए ।

भिडियोमार्फत् शुक्रबार राज्य सरकारको निर्णयहरु पत्रकारलाई जानकारी गराउने क्रममा उहाँले कृषकहरुलाई आफ्नो जिल्ला भित्र मात्रै आवत जावत गर्न सकिने व्यवस्था गर्न लागिएको गरे ।

कृषकहरुले अहिले विभिन्न खाद्य पदार्थ स्याहार गर्ने तथा लगाउने बेला भएकाले यस्तो व्यवस्था गर्न लागिएको मुख्यमन्त्री सिंहले स्पष्ट पारे ।

उनीहरुलाई आवत जावतमा खुकुलो पारिएपनि कोरोना भाइरसबाट बच्नका लागि अपनाउनु पर्ने आधारभूत स्वास्थ्य सतर्कता तथा सुरक्षाका उपायहरु भने अबलम्बन अनिवार्य गरिने उनको भनाइ छ ।

# कोरोना कहरबारे अप्रिल २३ मा ईयू नेताहरूबीच छलफल हुने



**ब्रसेल्स, एजेन्सी-** यूरोपेली परिषद्का अध्यक्ष चार्ल्स मिसेलले शुक्रबार इयू नेताहरूलाई फोन गरी अप्रिल २३ भिडियो सम्मेलनमा सहभागिताका लागि आग्रह गरेका छन् । कोरोनाभाइरसबाट थला परेको अर्थतन्त्रलाई माथि उकास्न चाल्नुपर्ने कदमबारे छलफल गर्ने तयारीसाथ नेताहरूलाई सम्मेलनमा सहभागिताका लागि आग्रह गरेका हुन् ।

"अबको समय कोरोना भाइरसको महामारीले ग्रस्त बनाएको अर्थतन्त्रलाई कसरी उकास्ने भन्ने बिषयमा छलफल गर्ने समय हो," ईयूका अर्थमन्त्रीहरूद्वारा यूरोपेली संघमा आवद्ध समूह राष्ट्रका लागि आपतकालीन राहतका लागि पाँच खर्ब ५० अर्ब अमेरिकी डलर जम्मा गर्ने सहमति भएको ठिक अर्को दिन सदस्य राष्ट्रका प्रमुख नेताहरूलाई फोन गरी भिडियो कन्फरेन्सबारे जानकारी गराएका हुन् ।

"यूरो समूह राष्ट्रका अर्थमन्त्रीहरूबीच भएको सहमति एउटा महत्वपूर्ण कदम हो । यो असमान राहतबाट हामीले सङ्कटको भारलाई एक भएर सामना गर्नेछौं," मिसेलले भने ।

अर्थमन्त्रीहरूबीचको सहमति केही साताको बहसपछि भएको उपलब्धि हो तर इटली, फ्रान्स र अन्य केही मुलुकले ईयू राष्ट्रहरूका लागि प्रकोपबाट पैभावित मुलुकको अर्थतन्त्रलाई उकास्न संयुक्तरूपमा रकम उठाउन राखेका प्रस्ताव माथि सहमति भने हुन सकेको छैन ।

अर्थतन्त्रको सुधारका लागि उठाइएको बजेट कोषमा जम्मा हुने र यसलाई ईयूको दीर्घकालीन बजेटका रूपमा खर्च गरिनुपर्ने जर्मनीको राय छ भने अन्य मुलुकहरूले यसबारे छलफल हुनुपर्ने बताएका छन् । कोरोनाभाइरसको सङ्क्रमण र मृत्यु यूरोपका खासगरी जर्मनी, फ्रान्स र इटली अत्यधिक देखिएको छ भने लामो समयसम्म व्यवसायिक गतिविधिमा समस्या आउँदा तुलनात्मक आर्थिक हिसाबले कमजोर मानिने अन्य ईयू राष्ट्रहरूमा आर्थिक मन्दी देखिएको छ ।

# कोरोनाको उपचारमा मलेरियाको औषधिको परीक्षण शुरु

**वासिङ्टन डिसी/एजेन्सी** अमेरिकी राष्ट्रिय स्वास्थ्य इन्स्टिच्यूट (एनआईएच) ले बिहीबार मलेरिया (औलो) रोगको उपचारमा प्रयोग हुने हाइड्रोक्सीक्लोरोक्विनलाई कोरोनाभाइरसको उपचारका लागि परीक्षण गर्न औपचारिक अनुमति दिएको घोषणा गरेको छ ।

दी हिलमा छापिएको एक रिपोर्टका अनुसार टेनिसी राज्यको नेस्भिलस्थित भ्यान्डरबिल्ट विश्वविद्यालय मेडिकल सेन्टरमा क्लिनिकल परीक्षणमा सहभागी हुन एक जना कोरोना संक्रमित व्यक्तिले नाम लेखाएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पटकपटक यो औषधि कोरोना संक्रमित व्यक्तिलाई उपयोगी हुने दाबी गर्दै आएका छन् ।

समाचार अनुसार क्लिनिकल परीक्षणमा सहभागी हुन चाहनेहरुलाई पहिलो दिन दिनको दुई पटक ४०० एमजीको क्लोरोक्विन दिइने छ । त्यसपछि दुईदेखि पाँच दिनसम्म २०० एमजी औषधि दिनको दुई पटक (आठ डोज) दिइने छ ।

बुधबार अमेरिकी राष्ट्रपति ट्रम्पले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई फोन गरी क्लोरोक्विन औषधि अमेरिकालाई आपूर्ति गर्न स्वीकार गरेकामा धन्यवाद दिनु भएको थियो । ट्रम्पले भने, क्लोरोक्विनको भण्डारण अब अमेरिकामा तीन करोड पिल्स पुग्नेछ ।

गत महिना अमेरिकी खाद्य तथा औषधि प्रशासन (एफडिए) ले आपतकालीन अवस्थामा कोरोना संक्रमित बिरामीलाई पनि मलेरियाको औषधि दिन सकिने बताएको थियो । एनआईएच अमेरिकाको मेडिकल अनुसन्धान संस्था हो ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार संयुक्तराज्य अमेरिकामा कोरोना संक्रमित व्यक्तिको संख्या चार लाख ६८ हजारको नजिक पुगिसकेको छ भने १६ हजारभन्दा बढीको ज्यान गइसकेको छ ।

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

जस्तो सीप उस्तै रोजगार

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

बोलपत्र आह्वानको म्याद थप गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०७६/११/२९
म्याद थप सूचना प्रकाशित प्रथम तथा अन्तिम पटक मितिः- २०७६/१२/२८

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७६/११/२९ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित ३० दिने सूचना भएको बोलपत्रहरु राजिधारा खानेपानि निर्माण पञ्चपुरी ११ सुर्खेत (ठेक्का नं. **PM-SKT-DWS-NCB-07-076-077**) तथा राग सुन्दरपुर खानेपानी योजना पञ्चपुरी ९ सुर्खेत (**PM-SKT-DWS-NCB-08-076-077**) का बोलपत्रहरु खरिद गर्ने अन्तिम मिति २०७७/०१/०४ (कार्यालय समयभित्र), दर्ता गर्ने अन्तिम मिति २०७७/०१/०५ गते दिउसो १२ बजेसम्म तथा खोल्ने कार्य मिति २०७७/०१/०५ गते दिउसो २ बजे गर्नेगरी यस नगरपालिका नगरकार्यपालिकाको मिति २०७६/१२/२० को निर्णयानुसार प्रथम पटक तथा अन्तिम पटक म्याद थप गरिएको र बोलपत्र दर्ता तथा खोल्ने स्थान पञ्चपुरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय बाबियाचौर सुर्खेत तोकिएको ब्यहोरा सम्बन्धित निर्माण ब्यवसायी लगायत सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको ब्यहोरा अनुरोध छ ।

हरि प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



### सरकारसमक्ष एफएनसीसीआईको जोडदार माग


# उद्योगीको पुनउद्धारको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ चैत

नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई)ले कोरोना भाइरसका कारण उद्योग व्यवसाय क्षेत्रमा गम्भिर असर परेको भन्दै आर्थिक पुर्नउद्धारको पहल गरेको छ । शुक्रबार महासंघकी अध्यक्ष भवानी राणाको नेतृत्वको प्रतिनिधिमण्डलले अर्थमन्त्री डा. युवराज खतिवडालाई भेटेर तत्कालै पुर्नउद्धारका लागि माग गरेको हो ।

लकडाउनका कारण उद्योग, व्यापार तथा व्यवसायहरु ठप्प रहेको र लकडाउनपछि कम्पनी तथा फर्म खुले पनि नगद प्रवाहको व्यवस्थापन गर्न कठिन हुने भन्दै महासंघले पुनर्उद्धारको माग राखेको हो । महासंघले आफ्ना विभिन्न मागहरु राख्ने सरकारसमक्ष ज्ञापनपत्र पेश गरेका छन् । उक्त ज्ञापनपत्रमा महासंघले विभिन्न क्षेत्रमा तरलताको अभावलगायतका विषयहरु समेटेर ज्ञापनपत्र बुझाएको हो ।

यस्ता छन् एफएनसीसीआईका मागहरु :



### बैंक तथा वित्तीय

पर्यटन, निर्यात, उत्पादनमुलक र कृषि क्षेत्रको लागि २०७६ चैत्र महिना देखि कर्मचारी तथा कामदारको एक वर्षको तलब, ज्याला भुक्तानीको लागि कम्पनी तथा फर्म (प्रतिष्ठान) ले दुई प्रतिशत ब्याज दरमा ऋण प्राप्त गर्ने गरी पुर्नकर्जाको व्यवस्था गरिनुपर्छ। उक्त ऋण कम्पनी तथा फर्मले किस्ताबन्दीमा दुई वर्ष भित्र तिर्ने व्यवस्था मिलाइनु पर्छ ।

अन्य सम्पूर्ण साना, मझौला र ठूला कम्पनी तथा फर्म (प्रतिष्ठान) हरुले २०७६ चैत्र महिना देखि कर्मचारी तथा कामदारको छ महिनाको तलब, ज्याला भुक्तानीको लागि दुई प्रतिशत ब्याज दरमा ऋण प्राप्त गर्ने गरी पुर्नकर्जाको व्यवस्था गरिनु पर्छ। उक्त ऋण कम्पनी तथा फर्मले किस्ताबन्दीमा एक वर्ष भित्र तिर्ने व्यवस्था मिलाउनुपर्छ।

बैंकको ब्याज लागतलाई न्यूनीकरण गर्न पर्यटन, निर्यात, उत्पादनमूलक र कृषि क्षेत्रको कम्पनी तथा फर्म (प्रतिष्ठान)को एक वर्षको व्याज दुई प्रतिशत ब्याज दरमा हुनेगरी पुर्नकर्जाको व्यवस्था गरिनु पर्छ। उक्त ऋण कम्पनी तथा फर्मले किस्ताबन्दीमा दुई वर्ष भित्र तिर्ने व्यवस्था मिलाउनुपर्छ । साथै, अन्य सम्पूर्ण साना, मझौला र ठूला कम्पनी तथा फर्म (प्रतिष्ठान) को छ महिनाको व्याज दुई प्रतिशत ब्याज दरमा हुनेगरी पुर्नकर्जाको व्यवस्था गरिनुपर्छ। सो ऋण कम्पनी तथा फर्मले किस्ताबन्दीमा एक वर्ष भित्र तिर्ने व्यवस्था मिलाउनुपर्छ ।

हाल कम्पनी तथा फर्म (प्रतिष्ठान) ले बैंक तथा वित्तीय संस्थाबाट लिएको वर्किङ क्यापिटल लोन र ओभरड्राफ्ट लोन बैंकले १० प्रतिशतले वृद्धि गरि कर्जा दिन सक्ने व्यवस्था गरिनुपर्छ। यसरी वृद्धि गरिएको वर्किङ क्यापिटललाई एक वर्षसम्मका लागि र डेप्ट इक्विटी रेसियोमा असन्तुलन भएपनि मान्य हुने व्यवस्था गरिनु पर्छ।

नेपाल राष्ट्र बैंकबाट २०७६ चैत्र १६ गते जारी भएको निर्देशन भए अनुसार ऋणीले २०७६ चैत्र मसान्त सम्म बुझाउनु गर्नुपर्ने मासिकरत्रयमासिक किस्ता भुक्तानी गरेमा ब्याजमा १० प्रतिशत छुट हुने व्यवस्था टर्म लोनमा मात्र लागु नगरी वर्किङ क्यापिटल र टिआर लोन लगायतका सबै प्रकारका कर्जाहरुको व्याजमा १० प्रतिशत छुट दिइनुपर्छ ।

उद्योग प्रतिष्ठानको कार्य संचालन गर्न कम्पनी तथा फर्मलाई नगद मौज्दात आवश्यक पर्ने भएकोले हाललाई ऋणीको खाताबाट स्वतः मौज्दात रकम कट्टी नगर्ने व्यवस्था गरिनु पर्छ। कोभिड-१९ को असर हालसम्म सबै भन्दा बढी देखिएको पर्यटन क्षेत्र हो। अवको एक वर्षसम्म पर्यटक आउने सम्भावना पनि नरहेकोले पर्यटनसंग सम्बन्धित व्यवसायको लागि विशेष व्यवस्था गरिनु पर्छ ।

पर्यटन क्षेत्रमा आवश्यकता अनुसार कर्मचारी तथा कामदारको संख्या कटौती गर्न सकिने, कामदार कर्मचारीको तलब तथा सुबिधा आवश्यकता अनुसार कटौती गर्न सकिने, होटललाई आवश्यक पर्ने विद्युत तथा ग्यास सहुलियत दरमा उपलब्ध गराइनु पर्ने, होटलमा संकलन भएको मूल्य अभिबृद्धि करको विवरण र भ्याट कर रकम छ-छ महिनामा बुझाउने र स्थानीय तहले संकलन गर्ने एकिकृत सम्पत्ति कर ५० प्रतिशतले छुट गर्ने व्यवस्था गरिनु पर्छ ।

हालको सिसिडी रेसियोलाई खुकुलो गर्नु पर्छ। बचत र ऋण बिचको ब्याजदर अन्तरलाई ०.५ प्रतिशत बिन्दुले घटाइनु पर्छ। मौद्रिक उपकरण लगायत अरुकुनै व्यवस्था गरी बैंकको सबै प्रकारको कर्जाको ब्याजदर ३ प्रतिशत बिन्दुले घटाइनुपर्छ। कोभिड-१९ ले गर्दा विदेशीमा रोजगारीको अवसर घट्ने भएकोले स्वदेशमा नै रोजगारीको संख्या बढाउनु पर्ने सन्दर्भमा लेवर इन्टेसिभ, निर्यातमुलक रुग्ण उद्योगलाई सफ्ट लोन प्रदान गरी रुग्ण उद्योग संचालन गर्ने व्यवस्था गरिनुपर्छ ।

### विद्युत

लकडाउन अवधि र उद्योग वन्द भएको अवधिमा नेपाल विद्युत प्राधिकरणले डिमान्ड चार्ज लिन नपाउने व्यवस्था गरिनुपर्छ। उत्पादन बढाउनका लागि नेपाल विद्युत प्राधिकरणले छ महिनाको लागि सस्तो दरमा विद्युत उपलब्ध गराउने व्यवस्था गरिनुपर्छ ।

### बीमा

व्यक्तिको स्वास्थ्य बीमा अन्तरगत कोभिड–१९ ले पर्ने असर बीमा गर्दा पोलिसिमा उल्लेख नभएता पनि हाल महामारीको रुपमा फैलिएको कोभिड १९ संगको लडाईमा कोभिड १९ को असर स्वतः समेट्ने व्यवस्था गरिएमा व्यक्तिलाई काम गर्न र गराउन थप प्रोत्साहन हुने भएकोले स्वास्थ्य बीमा अन्तरगत कोभिड १९ को असर स्वतः समेटिने व्यवस्था गरिनुपर्छ ।

### विविध

कुनै कम्पनी तथा फर्म (प्रतिष्ठान) ले आफ्नो आकार वा क्षमता घटाउन चाहेमा र बन्द गर्न चाहेमा बिशेष कानून बनाई कर्मचारी तथा कामदारलाई न्यूनतम रकम दिई कम्पनी तथा फर्मले आफ्नो आकार वा क्षमता घटाउन सक्ने र बन्द गर्न सक्ने व्यवस्था गरिनुपर्छ। एक वर्षको लागि कम्पनी तथा फर्ममा सामुहिक सौदाबाजीलाई स्थगित गरिनुपर्छ।

### कानूनको कार्यान्वयन

मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा २४ (३) मा लगातार चार महिनामासम्म मिलान गरेर बाँकी रहेको रकम एकमुष्ठ फिर्ता दिने व्यवस्था भएता पनि हाल प्राप्त हुन नसकेकोले कम्पनी तथा फर्मको नगद प्रवाहको व्यवस्थापन गर्न तत्काल फिर्ता दिइनु पर्छ।

सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्छ।

यसरी राजस्व जम्मा भएको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था भए अनुसार ५० प्रतिशत राजस्वमा जम्मा भएको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई सात दिन भित्र दिनुपर्ने व्यवस्था गरिनुपर्छ।

## कोरोना कहर : लकडाउनसँगै
# महंगियो खाद्यान्नको मूल्य

सञ्चिता घिमिरे/रासस
काठमाडौं, २८ चैत



कोभिड-१९ को जोखिम हुन नदिन 'लकडाउन' जारी रहेसँगै बजारमा तरकारी, फलफूल तथा खाद्यान्नको समेत मूल्य वृद्धि हुन थालेको छ । व्यवसायीले तरकारी र फलफूल धेरै नभित्रिएको तथा ढुवानी खर्च बढी लागेको जनाउँदै यसको मूल्य बढाएका हुन् ।

कतिपय व्यापारीले भूकम्प र नाकाबन्दीमा जस्तै अहिले पनि कमाउने समयका रुपमा लिएको उपभोक्ता अधिकारका क्षेत्रमा कार्यरत सङ्घ/सस्थाले बताएका छन् । 'लकडाउन' जारी रहँदा चामल, दाललगायतका खाद्यान्न पनि तोकिएको भन्दा बढी मूल्यमा बिक्री हुन थालेको उपभोक्ता अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले बताए । सरकारले पर्याप्त अनुगमन नगरेकाले व्यवसायीले ताकिएको भन्दा बढी मूल्यमा खाद्यान्न बेच्ने गरेको उनले आरोप लगाए । उनले भने, "धेरै व्यापारीले भूकम्प नाकाबन्दीका समयमा पनि बढी मूल्य लिँदा केही भएन अहिले पनि केही हुँदैन भन्ने सोचेका छन् ।"

साँझ र बिहानको समयमा मात्रै खाद्यान्न पसल खुल्दा बजारमा यी समयमा भीडभाड हुने गरेको अध्यक्ष तिमल्सिनाले बताए । व्यापारीलाई मास्क, पञ्जालगायतका स्वास्थ्य सुरक्षा सामग्री प्रयोग गर्न र दूरी कायम गरेर मात्रै सामान दिन भनिए पनि पूर्णरुपमा पालना भइरहेको छैन । उनले भने, "कतिपय व्यापारीले यसलाई पालना गरे पनि कतिपयले नगरेको पाइएको छ ।"

बजार मूल्य ह्वात्तै बढेको छ । कतिपय व्यापारीले घरमै पुऱ्याए पनि सेवा (होम डेलिभरी) शुरु गरेका छन् । कम्तीमा यति मूल्यबराबरको तरकारी किन्नुपर्ने र पुऱ्याउने ज्याला तोकिएकाले त्यसको जानकारी भए पनि प्रयोग नगरेको बालकुमारीकी सीता न्यौपानेले बताईन । ठूलो परिवार र सम्पन्न व्यक्तिका लागि मात्रै यो उपयुक्त हुने उनको भनाइ छ । उनले भनीन, "हामीले आफैँ छानेर रु ५०/१०० को एक दुई छाक किन्ने मान्छेले कम्तीमा रु १५ सय दुई हजारको तरकारी कहाँ किन्न सक्छौं ।"

बजारमा अहिले तरकारी र फलफूल नपाउने समस्याभन्दा पनि महँगो पर्नु उपभोक्ताका लागि समस्या भएको अध्यक्ष तिमल्सिनाले बताए । व्यवसायीले विभिन्न स्थानबाट ल्याउँदा बढी भाडा परेकाले मूल्य बढेको बताउने गरेको उनले जानकारी दिए। उपत्यका आसपासका जिल्लाबाट तरकारी ल्याउन चालक/सहचालकले पहिलेभन्दा दोब्बर भाडा माग्ने गरेको व्यापारीले बताउँदै आएका छन् । उनले भने, "यसमा स्थानीय तहले पनि समन्वय गर्नुपर्छ, अहिले एकातिर गाउँको उत्पादन खेर गइरहेको छ भने अर्कातिर शहरी क्षेत्रमा तरकारीको मूल्य ह्वात्तै बढेको छ ।"

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका सूचना अधिकारी दीपक पोखरेलले विभागले सङ्कटका समयमा आमउपभोक्तालाई पर्न सक्ने समस्या तत्काल सुन्न र सम्बोधन गर्न टोल फ्री नम्बर ११३७ शुरु गरेको बताए । यो टेलिफोनमा पहिले सबैभन्दा बढी ग्यास, मास्क र सेनिटाइजर नपाएको गुनासो आउने गरेको थियो । बजारमा पहिले आधा र अहिले पूरै सिलिन्डर ग्यासको बिक्री भइरहेकाले यी गुनासोमा कमी आएको छ । विभागले आएका गुनासोका आधारमा टोली अनुगमन गएर कुनै समस्या पाइएमा कारवाही अघि बढाएको उनको भनाइ छ । केही दिन पहिले मात्रै मासु र ग्यासको मूल्य तोकिएभन्दा बढीमा बिक्री गरेको भन्दै कारवाही गरिएको थियो । उनले भने, "टोल फ्री नम्बर १२ घण्टा खुल्ला हुन्छ र त्यसमा गुनासो आउँदा हामीले अनुगमन र कारवाही गरिरहेका छौं ।"

कति बजेदेखि कति बजेसम्म पसल खुल्ने/खुलाउने भन्नेमा स्वयं व्यापारी, प्रहरी र स्थानीयवासी अन्योलमा छन् । मुख्य सडकमा बिहान बेलुका खोल्दा पनि प्रहरी हतारिएर बन्द गराउन आउने भए पनि उपत्यकाका कतिपय स्थानमा भित्री चोकमा दिनभर पसल खुलेको उनले बताए । 'लकडाउन' का समयमा ढुवानी सहज नभएकाले पनि बजारमा पर्याप्त तरकारी नभएको उनको भनाइ छ । मागअनुसार आपूर्ति नभएकाले पनि भाउ बढेको हुनसक्ने उनले बताए । उनले भने, "अत्यावश्यक खाद्यान्नको सहज आपूर्तिको व्यवस्था हुनुपर्छ ।"

काठमाडौँ उपत्यकाका आसपासका क्षेत्र र नजिकका जिल्लाबाट शहरी क्षेत्रमा तरकारी र दूधको आपूर्ति गर्दै आएकामा ढुवानी सहज नहुँदा त्यस क्षेत्रबाट ती सामग्री आउन सकेका छैनन् । खाद्य वस्तु बजारसम्म पुऱ्याउन नपाउँदा दूध र तरकारी उसै खेर गइरहेको स्थानीयवासी किसानले गुनासो गर्दै आएका छन् । उपत्यकाका काँठ क्षेत्र, धादिङ, काभ्रे, नुवाकोट, चितवनलगायत जिल्लाबाट उपत्यकामा तरकारी र दूधको आपूर्ति हुने गरेको थियो ।

## अन्तरराष्ट्रिय साझेदारसँग भिडियो कन्फ्रेन्स
# ऋणको भुक्तानी समय सार्न माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ चैत


नेपाल सरकारले कोरानाले देशको अर्थतन्त्रमा पारेको असर र त्यसको रोकथाममा भइरहेको पहलबारे बहुपक्षीय साझेदारलाई जानकारी गराएको छ । अर्थ एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. युवराज खतिवडाले शुक्रबार भिडियो कन्फ्रेन्समार्फत विश्व बैक, अन्तरराष्ट्रिय मुद्रा कोष, अन्तरराष्ट्रिय वित्त निगम, एशियाली विकास बैक, एशियाली पूर्वाधार विकास बैक संयुक्त राष्ट्र संघका उच्च पदस्थ पदाधिकारी लगायतका बहुपक्षीय साझेदारलाई हालै विश्वभर फैलिएको कोरोना भाईरसले नेपालको अर्थतन्त्र, स्वास्थ्य क्षेत्र र जनजीवनमा पारेको असर बारे जानकारी गराएका हुन् ।

खतिवडाले हाल कोरोना भाईरसले पारेको असर एवं पार्न सक्ने प्रभाव, कोभिड -१९ रोकथाम तथा नियन्त्रणमा नेपाल सरकारले हालसम्म चालेका संस्थागत र कार्यक्रमिक कदमहरु तथा नेपालले आगामी दिनमा चाल्नुपर्ने रणनीतिक कदमहरु बारे समेत भिडियो कन्फ्रेन्समार्फत जानकारी गराएका थिए । छलफलमा अर्थमन्त्री खतिवडाले अहिलेको संकट एक्काईसौं शताब्दीको सबैभन्दा ठूलो मानवीय र आर्थिक संकट रहेको बताए । 'विगतका संकट या त मानवीय थिए या आर्थिक थिए र ती अघि पछि भएर आएका थिए,' उनले भने, 'अहिले मानवीय र आर्थिक संकट सँगसँगै आएको र पहिलेको कुनै पनि संकट भन्दा अहिलेको संकटको दायरा फराकिलो र असर पनि सर्वथा उच्च रहेको छ ।' साथै यसबाट उम्कन र विकासको पुनर्उत्थान गर्न पनि अभूतपूर्व सामाजिक र आर्थिक उपायहरु अपनाउनुपर्ने उनको भनाई थियो ।

विश्वव्यापी संकटको समाधान विश्वव्यापी प्रयास, साझेदारी र सहयोगबाट मात्र सम्भव भए तापनि देश भित्रको संकट व्यवस्थापनमा राष्ट्रिय प्रयास सर्वोपरी रहन बताए । कोरोना संक्रमण रोकथाम र नियन्त्रण तथा यस क्रममा अर्थतन्त्रमा देखा परेका चुनौती समाधान गर्न नेपालले कुनै कसर बाँकी नराख्ने विश्वास दिलाउँदै यसमा अन्तरराष्ट्रिय, क्षेत्रीय तथा द्विदेशीय सहयोगको पनि उत्तिकै आवश्यकता रहेको बताए । छलफलका अर्थमन्त्री खतिवडाले विकास साझेदारहरुसँग अन्तरराष्ट्रिय सहयोगको क्षेत्रमा चार वटा विषयमा ध्यान आकर्षित गराएका थिए ।

यो अवस्थामा सबैभन्दा पहिला परम्परागत सहायता नीति, कार्यक्रम तथा सहायताका उपकरणबाट मात्र अहिलेको संकटको समाधान नहुने भएकोले नवीन सहायता, नीति, कार्यक्रम र सहायता उपकरणबाट मात्र हाम्रो जस्तो जोखिमयुक्त देशको संकटको समाधान हुने बताए ।

# महामारीविरुद्ध खटिँदा मृत्यु भए ५० लाख पाईने




काठमाडौं/मस-प्रदेश नं २ सरकारले कोरोना महामारीविरुद्ध रोकथाम, नियन्त्रण तथा उपचारमा खटिँदा मृत्यु भए पीडित परिवारलाई प्रदेश सरकारले रु ५० लाख राहत दिने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को शुक्रबार सम्पन्न बैठकले कोरोना महामारीको नियन्त्रण, रोकथाम तथा उपचार कार्यमा संलग्न हुने निजामती, अन्य सरकारी कर्मचारी, गैरसरकारी वा निजी क्षेत्रका स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक र सहयोगी स्वास्थ्यकर्मीको कोरोनाको सङ्क्रमणका कारण मृत्यु भए पीडित परिवारलाई सो रकम उपलब्ध गराउने निर्णय भएको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादवले जनाए ।

त्यसैगरी, सो बैठकले लकडाउनले गर्दा किसान पीडित भएकोमा प्रदेश सरकारले किसानले बैङ्क तथा वित्तीय संस्था वा सहकारीबाट लिएको ऋणको ४ महिनाको व्याज प्रदेश सरकारले तिरिदिने निर्णय गरेको छ । बैठकले कृषि फर्मका लागि किसानले रु पाँच लाखसम्म लिएको ऋणमा अधिकतम १२ प्रतिशत सम्मको ४ महिनाको व्याज प्रदेश सरकारले तिर्ने निर्णय गरेको छ ।

रु पाँच लाखदेखि रु १५ लाख सम्मको ऋणमा १२ प्रतिशत सम्मको व्याजदरमा ५० प्रतिशत, रु १५ लाखदेखि रु ३० लाखसम्म ऋणमा ४० प्रतिशत र रु ३० लाखभन्दा बढीको ऋणमा कृषि सहकारी तथा भूमि व्यवस्था मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद्ले निर्णय गरे बमोजिम व्याज तिरीदिने निर्णय गरेको सरकारका प्रवक्ता यादवले बताए । यसका अतिरिक्त दूध, फलफूल, तरकारी, कुखुरा र माछामा यस निर्णय अतिरिक्त राहत उपलब्ध गराउने निर्णय भएको छ ।

गलत सूचनाको सम्प्रेषण अपराध हो, त्यसैले सूचनाको तोडमोड नगरौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ